# साँफेबगर राजपत्र


साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ८ मिति २०७८ चैत्र ०६


## भाग १

### साँफेबगर नगरपालिकाको

### सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ :

## केहि नगर ऐन संशोधन गर्न बनेको ऐन २०७८

**प्रस्तावना**: साँफेबगर नगरपालिकाबाट यस अघि बनेका न्यायिक समितिको कार्यबिधि ऐन २०७६, सहकारी ऐन, सहकारी ऐन २०७५, शिक्षा ऐन

२०७६ र विपद व्यवस्थापन ऐन २०७५ लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले

साँफेबगर नगरपालिका नगर सभाबाट यो केहि नगर ऐन संशोधन गर्न ऐन तयार गरिएको छ ।

साँफेबगर नगरपालिका

## १. न्यायिक समितिको कार्यबिधि ऐन २०७६ मा पेश गरिएको संशोधन

| हालको व्यवस्था | संशोधन गरिएको व्यवस्था | कारण |
|---|---|---|
| प्रस्तावनाः कानूनी आधार स्पष्ट नभएको | **थप गर्न पर्ने** धारा ५७ (४) तथा अनुसुची ८ को सुची नं १५ र धारा २२१ को ठाउँमा २२६ उल्लेख गर्न पर्ने । | कानूनी आधार स्पष्ट नभएकोले |
| **दफा ७ (ख)** प्रचलित कानून र संबिधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको । | हटाउनु पर्ने | अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको विवाद हेर्ने अधिकार न्यायिक समितिलाई हुन नसक्ने । न्यायिक समितिको क्षेत्राधिकार कानूनमा स्पष्ट तोकिएकै छ । |
| **दफा ७** (क) र (घ): खण्ड (क) उजुरीका सबै पक्ष नगरपालिकाको हुनु पर्ने भनिएको र खण्ड (घ) मा चल अचल सम्पत्ति समावेश भएको बिषयमा नगरपालिकाकाको भौगोलिक क्षेत्र भीत्र तथा घटना सँग सम्बन्धित बिषयबस्तु रहेको भनिएको छ । | (क) विवादका पक्षहरु मध्ये कुनै एक पक्ष नगरपालिकाको क्षेत्राधिकार भित्र बसोबास भई घटनासँग सम्बन्धित बिषयबस्तु नगरपालिका भित्र रहेको र चल अचल सम्पत्ति समावेश भएको हकमा उक्त सम्पत्ति नगरपालिकाकाको भौगोलिक क्षेत्र भीत्र रहेको । | उजुरीको पक्ष नगरपालिका बाहिरको भएता पनि घटना घटेको स्थान वा सम्पत्ति नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेको भए न्याय नै नदिने कुरा अन्यायपूर्ण हुने भएकाले । खण्ड (क) ले उजुरीका सबै पक्ष नगरपालिका भित्रको हुनु पर्ने कुरालाई बाहिरको व्यक्तिले उजुरी नै गर्न नपाउने अवस्था देखिएकोले । |
| **दफा ८** बिवाद दर्ता गर्नेः हाल वडा स्तरको मेलमिलाप केन्द्रलाई विवाद दर्ता गर्ने अधिकार नभएको देखिन्छ । | **थप गर्नु पर्नेः** उपदफा (६) न्यायिक समितिको क्षेत्राधिकार भीत्र रहेको विवादहरु मेलमिलाप प्रयोजनका लागि न्यायिक समितिले सुचिकृत गरेका मेलमिलाप केन्द्रमा समेत दर्ता गर्न सकिनेछ । यसरी दर्ता भएका विवादहरुलाई सम्बन्धित मेलमिलाप केन्द्र मार्फत न्यायिक समितिमा दर्ता कायम गरी मेलमिलाप शत्र संचालनका लागि **अनुसूची १ ख** को ढाँचामा न्यायिक समितिको अनुमति | मेलमिलाप केन्द्रले गाउँमै मेलमिलाप गराउन सक्ने विवाद पनि नगरपालिकामा दर्ता गराउन पर्ने लामो र झन्झटिलो अभ्यास भएकाले । |

| | | |
|---|---|---|
| | लिनु पर्नेछ । यस सम्बन्धि थप कार्यबिधि तोकिए बमोजिम हुनेछ ।<br>(७) मेलमिलाप केन्द्रमा दिईने निवेदनको ढाँचा **अनुसूची १ क** बमोजिम हुनेछ । | |
| **दफा २०** बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाईको नमूना संलग्न नभएको । | **थप गर्नु पर्ने दफा २० को उपदफा (७)** बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाईको ढाँचा अनुसुची ६ क बमोजिम हुनेछ । | बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाईको ढाँचा अनुसूचीमा संलग्न नभएकोले । |
| **दफा ४३** मा प्रारम्भीक सुनुवाई छलफलको अभिलेख राख्ने ढाँचा संलग्न नभएको । | **थप गर्न पर्ने**: दफा ४३ को उपदफा (३) प्रारम्भीक सुनुवाई छलफलको अभिलेख ढाँचा अनुसुची ७ (क) बमोजिम हुनेछ । | प्रारम्भीक सुनुवाइमा भएको निर्णय वा सहमति राख्न आवश्यक भएकाले । |
| **दफा ५०**: मेलमिलाप केन्द्र मार्फत दर्ता हुन आएका बिवाद सम्बन्धी कुनै व्यवस्था नभएको, | **थप गर्न पर्ने**: (द) मेलमिलाप केन्द्रमा दर्ता भएका विबाद न्यायिक समितिको क्षेत्राधिकार भित्रको बिषय भए नभएको हेरी मेलमिलाप अनुमतिका लागि लागि संयोजक समक्ष पेश गर्ने र मेलमिलाप केन्द्रलाई सोको व्यहोरा जानकारी पठाउने । | मेलमिलाप केन्द्रको कार्यलाई प्रभावकारी बनाउन |
| **दफा ५४** समितिले नै मिलमिलाप गराउने व्यवस्था रहेको । | **थप गर्नुपर्ने**: (१)क: उपदफा (१) बमोजिम मेलमिलाप गराउदा न्यायिक समितिले आफुले सुचिकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ । | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (३) सँग बाझिएकोले |
| **दफा ६५** (१) (१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको | थप गर्न पर्ने दफा ६५ (१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष | मेलमिलाप आदेशको ढाँचा संलग्न नभएकोले |

| | | |
|---|---|---|
| सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकि देहाय बमोजिम बमोजिमको व्यहोरा जनाई देहाय बमोजिमको कागज साथै राखि लेखि पठाउनु पर्नेछ: | पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकि अनुसुची ११ (क) बमोजिमको व्यहोरा जनाई देहाय बमोजिमको कागज साथै राखि लेखि पठाउनु पर्नेछ: | |
| **दफा ६५** पक्षहरु बिबाद समाधान पश्चात न्यायिक समितिमा उपस्थित हुन पर्ने वा नपर्ने कुरा उल्लेख नभएको । | ६५ (५) थप्न पर्ने: मेलमिलाप केन्द्रमा विवाद दर्ता भई समितिको अनुमति लिई समाधान भएको बिवादमा पक्षहरुले न्यायिक समिति समक्ष उपस्थित हुन पर्नेछैन । | |
| **दफा ६९ (१)** मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनुपर्नेछ । | **संशोधन गर्न पर्ने:** (१)मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई **अनुसुची ११ (ख)** को ढाँचामा प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनुपर्नेछ । | यहाँ प्रतिवेदनको ढाँचा उल्लेख नभएकाले सो ढाँचामा एकरुपता र स्पष्टता कायम गर्न अनुसूची थप गर्न आवश्यक भएकाले । |
| मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नछैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन । | **हटाउनु पर्ने**: तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउने व्यवस्थालाई हटाउनु पर्ने | न्यायमा सर्बसुलभ पहुँचका प्रदान गर्नका लागि यसरी दस्तुर लिन उपयुक्त नहुने भएकाले । |
| दफा ७२ मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था स्पष्ट नभएको देखिन्छ । | **दफा ७२क: मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन:** (१) न्यायिक समितिले प्रत्येक वडामा कम्तीमा एक एक | यस दफामा भएको व्यवस्था सहित मेलमिलाप केन्द्रको अन्य व्यवस्थापन बारे केहि व्यवस्था थप गर्न आवश्यक भएकाले । |

| | | |
|---|---|---|
| | वटा मेलमिलाप केन्द्रको स्थापना गर्न सक्नेछ ।<br>(२) न्यायिक समितिले सुचीकृत गरेका मेलमिलापकर्ताहरुले मेलमिलाप केन्द्र संचालनका लागि अनुरोध गरेमा न्यायिक समितिले केन्द्र संचालनका लागि कार्यपालिकाको निर्णयमा संचालन अनुमति दिनेछ ।<br>(३) मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ । | |
| अनुसुची १ देखि १५ नमूना ऐनमा दिएका ढाँचामा लेखिएको उदाहरण सहित भएको जस्ताको तस्तै राखिएको । | सबै अनुसुचीलाई आफ्नो अनुकुलको ढाचामा संशोधन गर्नु पर्ने । | अनुसुची १ देखि १५ नमूना ऐनमा दिएका ढाँचामा लेखिएको उदाहरण सहित भएको जस्ताको तस्तै राखिएकोले त्यसलाई नगरपालिकाको अनुकुलमा रुपान्तरण गर्न आवश्यक भएकोले । |

साँफेबगर नगरपालिका

## अनुसूचीमा संशोधन

### अनुसुची १
### (दफा ८ को अनुसुची (२) सँग सम्बन्धित)
### साँफेबगर नगरपालिका

न्यायिक समिति अछाम समक्ष पेश गरेको

**निवेदन पत्र**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................ (प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................ (दोस्रो पक्ष) बिपक्षी

बिषयः .......................................

म निम्न बुदाहरुमा लेखिए बमोजिम निवेदन गर्दछु।

१. ............................................................................................................................................................................................................................................................................................................................................................................................................

२ यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो बुझ्नु पर्छ बुझी बिवाद निरुपण गराई पाउँ।

३. यस नगरपालिकाबाट जारी भएको स्थानीय न्यायीक समिति (कार्यबिधि सम्बन्धी) ऐन को दफा १४ बमोजिम बिवाद दर्ता दस्तुर रु ५०।- यसै उजुरी साथ दाखिला गरेको छु।

४. यो उजुरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा ....अनुसार यसै समितिको अधिकार क्षेत्र भित्र पर्दछ।

५. यो उजुरी हदम्याद भित्र छ र म उजुरीकर्तालाई यस बिषयमा उजुरी दिने हकदैया प्राप्त छ।

६. यस बिषयमा अन्यन्त्र कहि कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

७. यसमा लेखिएको व्यहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानून बमोजिम सजाय भोग्न तयार छु।

निवेदक

नाम

हस्ताक्षर

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम्।

साँफेबगर नगरपालिका

अनुसुची १ (क)

*(दफा ८ को उपदफा (७) सँग सम्बन्धित)*

न्यायिक समिति,

साँफेबगर नगरपालिका

**मेलमिलापका लागि दिईने निवेदनको ढाँचा**

श्री ..............................

..........................................

**विषय : मेलमिलापद्वारा विवाद समाधान गरी पाउँ ।**

प्रस्तुत बिषयमा हामी देहायका पक्षहरु बिच देहायको विवाद भएकाले मेलमिलापको प्रक्रिया मार्फत विवाद समाधान गरी पाउ भनी यो निवेदन पेश गरेको छु/छौं ।

१) विवादका पक्षको बिवरण

| क) पहिलो पक्ष (निवेदक) | | | |
|---|---|---|---|
| नाम ....................... | लिंग | जात | उमेर |
| ....................................जिल्ला | ................................नगरपालिका | | वडा नं..................... |
| टोलको नामः .................................................. | | सम्पर्क नं. ................................ | |

| ख) दोस्रो पक्ष (बिपक्षी) | | | |
|---|---|---|---|
| नाम ....................... | लिंग | जात | उमेर |
| ....................................जिल्ला | ................................नगरपालिका | | वडा नं..................... |
| टोलको नामः .................................................. | | सम्पर्क नं. ................................ | |

**२) विवादको संक्षिप्त बिवरण**

| बिवाद शुरु भएको मिति................................ |
|---|
| बिवादको संक्षिप्त बिवरण ................................. |

निवेदक

नाम



साँफेबगर नगरपालिका

हस्ताक्षर

अनुसुची १ (ख)

*(दफा ८ को उपदफा (६) सँग सम्बन्धित)*

न्यायिक समिति, साँफेबगर नगरपालिका

**मेलमिलाप केन्द्रले मेलमिलाप प्रक्रियाका लागि अनुमति माग गर्ने निवेदनको ढाँचा**

मिति………………

श्री संयोजक ज्यु

न्यायिक समिति,

साँफेबगर नगरपालिका, अछाम

**बिषयः मेलमिलाप प्रक्रिया संचालनका लागि अनुमति माग गरिएको बारे ।**

यस मेलमिलाप केन्द्रमा देहायका पक्षहरु रहेको ……………………सम्बन्धी बिवाद मेलमिलापका लागि मिति…………मा दर्ता भई मेलमिलाप केन्द्रको ……दर्ता नं. कायम गरिएकोले सो बिवादलाई न्यायिक समितिको अभिलेखमा राखि मेलमिलाप शत्र संचालनका लागि अनुमति प्रदान गरिपाउँ भनी यो निवेदन पेश गरेका छौ ।

१) विवादका पक्षको बिवरण

| क) पहिलो पक्ष (निवेदक) | | | |
|---|---|---|---|
| नाम …………………… | लिंग | जात | उमेर |
| ………………………………जिल्ला | ……………………………नगरपालिका | | वडा नं………………… |
| टोलको नामः …………………………………………… | | सम्पर्क नं. …………………………… | |

| ख) दोस्रो पक्ष (बिपक्षी) | | | |
|---|---|---|---|
| नाम …………………… | लिंग | जात | उमेर |
| ………………………………जिल्ला | ……………………………नगरपालिका | | वडा नं………………… |
| टोलको नामः …………………………………………… | | सम्पर्क नं. …………………………… | |

……………………

(संयोजक)

……मेलमिलाप केन्द्र,

## अनुसुची २

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**न्यायिक समिति, साँफेबगर नगरपालिका**

उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री ..........................................

.........................................

**बिषयः उजुरी दर्ता निस्सा सम्बन्धमा ।**

...................................मा बस्ने तपाई........................ले ..........................मा बस्ने ........................................बिरुद्धमा ..................................भनी उजुरी दर्ता गर्न ल्याएकोमा आज मिति .........................मा तपाईको निवेदन दर्ता गरी दर्ता नं. ..............कायम भएकाले यो निस्सा जारी गरिएको छ ।

**अधिकृत कर्मचारी**

नामः ............................

पद ..............................

हस्ताक्षर

मिति

साँफेबगर नगरपालिका

**अनुसुची ३**

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

न्यायिक समिति

साँफेबगर नगरपालिका, अछाम

**साँफेबगर नगरपालिकामा खडा गरिएको तारिख भर्पाई**

| **बादी** | **प्रतिवादी** |
|---|---|
| नामः ........................................ | नामः ........................................ |
| ठेगानाः ...................................... | ठेगानाः ...................................... |

**मुद्दाः ........................................**

मितिः .........................मा यस मुद्दाको ............................काम गर्ने भएकाले सोहि दिनको ................बजे यस न्यायिक समितिमा उपस्थित हुनेछु ।

बादी

नामः ................................

हस्ताक्षर

प्रतिवादी

नामः ...........................

हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

साँफेबगर नगरपालिका

**अनुसुची ४**

*(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**साँफेबगर नगरपालिका, अछाम**

**साँफेबगरनगरपालिकामा खडा गरिएको तारेख पर्चा**

| बादी | प्रतिवादी |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः ........................................<br>ठेगानाः ...................................... |

**मुद्दाः ........................................**

मितिः ........................मा यस मुद्दाको .................काम गर्ने भएकाले सोहि दिनको ...............बजे यस न्यायिक समितिमा उपस्थित हुनुहोला ।

**तारिख तोक्ने कर्मचारीको सहिछाप**

नामः

पदः

हस्ताक्षर

ईति सम्बत् .................साल .........महिना .......गते रोज शुभम् ।

साँफेबगर नगरपालिका

अनुसुची ५

*(दफा १५ को उपदफा ३ सँग सम्बन्धित)*

**साँफेबगर नगरपालिका न्यायिक समिति समक्ष पेश गरेको**

**लिखित जवाफ (प्रतिवाद)**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(लिखित जवाफ प्रस्तुत कर्ता ) प्रथम पक्ष

**<u>बिरुद्ध</u>**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(निवेदक) दोस्रो पक्ष ।

बिषयः .......................................।

मिति ...............सालको निवेदन दर्ता नं. ......कायम भएको मुद्दामा उजुरवालाले मलाई लगाएको अभियोगका सम्बन्धमा मेरो व्यहोरा निम्न लिखित छ ।

१. ........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
.............................................................................................................

२. यस नगरपालिकाबाट जारी भएको स्थानीय न्यायीक समिति (कार्यबिधि सम्बन्धी) ऐन को दफा १४ बमोजिम लिखित जवाफ दर्ता दस्तुर रु ....।- यसै उजुरी साथ दाखिला गरेको छु ।
३. यो लिखित जवाफ म्याद भित्रै लिई म आफै उपस्थित भएको छु ।
४. यस बिषयमा अन्यन्त्र कहि कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन ।
५. यसमा लेखिएको व्यहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानून बमोजिम सजाय भोग्न तयार छु ।

**लिखित जवाफ प्रस्तुतकर्ता**
नामः
ठेगानाः
हस्ताक्षर
ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ६

*(दफा २० को उपदफा (६) सँग सम्बन्धित)*

**साँफेबगरनगरपालिका न्यायिक समितिबाट जारी भएको**

**म्याद सूचना**

**............जिल्ला ..........नगरपालिका बस्ने ...............को नाउमा यस साँफेबगर नगरपालिका न्यायिक समितिबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना**

....................जिल्ला .............नगरपालिका बस्ने ..................................ले तपाईको बिरुद्ध ........................................बिवाद परेको भनि निवेदन दर्ता गरेको हुँदा सो को प्रतिलिपी यसै पत्रका साथ पठाईएको छ । अतः तपाईले यो म्याद बुझेको वा रित पुर्वक तामेल भएको मितिले १५ (पन्द्र) दिन भित्र यसै सूचनामा संलग्न ढाँचामा (अनुसुची ५) लिखित जवाफ सहित यस कार्यालय समक्ष हाजिर हुन आउनुहोला । अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

**म्याद सूचना जारी गर्ने कर्मचारीको**

नाम

पद

हस्ताक्षर

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ६ (क)

*(दफा २० को उपदफा (८) सँग सम्बन्धित)*

न्यायिक समिति

साँफेबगर नगरपालिका, अछाम

**बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाई**

| **बादी** | **प्रतिवादी** |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः .......................................<br>ठेगानाः ...................................... |

**मुद्दाः .......................................।**

क) म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिले बुझिलिएकोमाः मेरो नाउमा जारी भएको एक प्रति म्याद सूचना र मेरो बिरुद्ध साँफेबगरनगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि समेत देहायका साक्षीहरुको रोहबरमा म आफैले बुझी लिएँ भनि दस्तखत गर्ने ............

(ख) म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिको एकाघरको सदस्यले बुझिलिएकोमा म्याद सूचना जारी भएको व्यक्तिले म्याद सूचना बुझ्न ईन्कार गरेको/फेला नपरेकोले साँफेबगरनगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि र म्याद सूचना देहायका साक्षीको रोहवरमा बुझिलिए भनि दस्तखत गर्ने म्याद सूचना बुझिलिनु पर्ने ....................को एकाघरको .........नाताको बर्ष ....को.........................।

(ग) म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति फेला नगरी तामेल गर्नु परेकोमा बिपक्षी.......................को नाममा जारी भएको म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति / निजको घरपरिवारका सदस्यहरुले म्याद सूचना बुझिलिन इन्कार गरेको /निजको घर समेत तलास गर्दा फेला नपरेकोले निजका नाउँको एक प्रति म्याद सूचना सम्बन्धित वडाको ................ठाउँमा वा टोलको सार्वजनिक ठाउँ .........मा टाँस गरेका छौ भनी

**दस्तखत गर्ने व्यक्तिहरुः**

१). ............जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ................
२). ............जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री .................

साक्षी

माथि उल्लेखित खण्ड (....) बमोजिम हामीहरुको रोहवरमा म्याद सूचना तामेली भएको ठीक हो भनी दस्तखत गर्ने ।

१). ...........जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ....................
२). ...........जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ....................

रोहबर

............जिल्ला .............नगरपालिका.......का वडा अध्यक्ष/सदस्य/सचिब श्री...........................................।

इति सम्बत् ................साल .........महिना ......गते रोज शुभम् ।

अनुसुची ७

*(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**साँफेबगर नगरपालिका, अछाम**

**निर्णयको ढाँचा**

संयोजक श्री ..............................................................

सदस्य श्री ..............................................................

सदस्य श्री ..............................................................

निर्णय

सम्बत ...........सालको निवेदन नं. .....

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

बिषय: ......................................

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (१) बमोजिम निवेदन दर्ता भई सोहि ऐनको दफा ४६ बमोजिम गठन भएको न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :

१) ........................................................................................................... निवेदनको व्यहोरा ।

२) ...............................................................................................प्रतिवादको व्यहोरा ।

३)..........................................................................................सबुद प्रमाणले बोलेको व्यहोरा ।

४) ..............................................................मेलमिलाप केन्द्रमा के कारणले बिवाद मिलेन सो व्यहोरा ।

**निर्णय**

.........................................................................................................................................
.........................................................................................................................................
.........................................................................................................................................
.........................................................................................................................................
..........................................................................................................ठहर्छ । सो ठहर्नाले तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनु ।

२) यो निर्णय चित्त नबुझे ३५ दिन भित्र अछाम जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि प्रत्यार्थीलाई सुनाई दिनु ।

३. म्याद भित्र पुनरावेदन नपरेमा कानून बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु ।

इति सम्बत् ................साल .........महिना .......गते ...................रोज शुभम् ।

साँफेबगर नगरपालिका

अनुसुची ७ (क)

*(दफा ४३ को उपदफा (३) सँग सम्बन्धित)*

**न्यायिक समिति**

**साँफेबगर नगरपालिका, अछाम**

**प्रारम्भीक सुनुवाई छलफलको अभिलेख**

| बादी | प्रतिवादी |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः .......................................<br>ठेगानाः ..................................... |

**मुद्दाः .........................................।**

आजको प्रारम्भीक सुनुवाई छलफलमा हामी दुवै पक्षहरुले आ आफ्नो दावी जिकिर र प्रमाणका सम्बन्धमा छलफल गरी मुद्दामा ठहर गर्ने बिषय, बुझ्नु पर्ने प्रमाण र मुद्दाको कारबाहीका सम्बन्धमा देहाय बमोजिमको सहमति गरियो ।

**क) यकिन गरिएका मुद्दाका ठहर गर्नु पर्ने बिषयहरु**

१

२

३

**ख) छलफलबाट भएका सहमतिहरुः**

१

२

३

*बादी* *प्रतिवादी*

*नामः* ................................ *नामः* ...........................

*हस्ताक्षर* *हस्ताक्षर*

इति सम्बत् .................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ८
(दफा ४८ सँग सम्बन्धित)
न्यायिक समिति,
साँफेबगर नगरपालिका
**अन्तरिम संरक्षणात्मक आदेश**

संयोजक श्री ..............................................................

सदस्य श्री ..............................................................

सदस्य श्री ..............................................................

**आदेश**

सम्बत ...........सालको निवेदन नं. .....

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

बिषयः ......................................

......................................................................................................................भनि दिनु भएको निवेदन उपर प्रारम्भीक रुपमा जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएको हुँदा हाललाई ....................................प्रवन्ध मिलाउनु भनि साँफेबगर न्यायिक समितिको कार्यबिधि सम्बन्धी ऐन २०७६ को दफा ४८ बमोजिम बिपक्षी ........................................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौ । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखि पठाईदिनु । यो आदेश अनुसार कार्य भएको जानकारी प्राप्त गरी सिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

इति सम्बत् ................साल .........महिना .......गते ....................रोज शुभम् ।

अनुसुची ९

(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)

साँफेबगर नगरपालिका

**न्यायिक समिति समक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदन पत्र**

श्री संयोजक ज्यु

न्यायिक समिति, साँफेबगरनगरपालिका

**बिषयः मिलापत्रका लागि संयुक्त निवेदन पेश गरेको बारे ।**

मिति ..................मा यस न्यायिक समितिमा दर्ता भई दर्ता नं. ......कायम भएको बिवादका हामी दुवै पक्ष मिलापत्र गर्न देहाय बमोजिम सहमत भएकोले सो सम्बन्धमा आवश्यक प्रक्रिया अगाडी बढाई दिन हुन अनुरोध गर्दछौं ।

सहमतिका बुदाहरु

१.........................

२..................

| | |
|---|---|
| *बादी* | *प्रतिवादी* |
| *नामः* ................................ | *नामः* ........................... |
| *हस्ताक्षर* | *हस्ताक्षर* |

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची १०

*(दफा ५३ (५) सँग सम्बन्धित)*

....................मेलमिलाप केन्द

साँफेबगर नगरपालिक, अछाम

**मिलापत्र/सहमति पत्र**

**विवादको बिषय** : ........................................................................ ।

.................. जिल्ला ....................नगरपालिका वडा नं......बस्ने वर्ष .... को श्री ................................................र ..................... जिल्ला ....................नगरपालिका ..... वडा नं......... बस्ने वर्ष ........ को श्री .........................................बीच उल्लेखित बिषयमा विवाद भई यस मेलमिलाप केन्द्रमा निवेदन परेको हुनाले दुबै पक्षलाई राखी मेलमिलाप प्रक्रियाद्वारा मिति .... /......./ .... गतेमा छलफल गराउँदा तपसिलका बुँदाहरुमा हामी दुबै पक्षको चित्त बुझ्दो सहमति भएकोले सहमत भएको बुँदाहरुलाई निष्ठापूर्वक पालना गर्ने गरी मेलमिलापकर्ताहरुको/न्यायिक समितिको उपस्थितिमा राजीखुशीले यो सहमति पत्रमा सहीछाप गरी लियौं/दियौं ।

१...........................................................................................................................

२...........................................................................................................................

३...........................................................................................................................

४...........................................................................................................................

**<u>सहमत हुने पक्षहरु :</u>**

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षर |

मेलमिलापकर्ताहरु

१

२

३

प्रमाणित गर्ने

न्यायिक समिति संयोजक

साँफेबगर नगरपालिका

अनुसुची ११

*(दफा ६० को उपदफा (२) सँग सम्बन्धित)*

न्यायिक समिति

साँफेबगर नगरपालिका, अछाम

मेलमिलापकर्तामा सुचिकृत हुने निवेदन

फोटो

श्री संयोजक ज्यु

न्यायिक समिति,

साँफेबगर नगरपालिका, अछाम

**बिषयः मेलमिलापकर्तामा सूचिकृत हुन पाउँ ।**

मलाई यस नगरपालिकाको/वडाको मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत गरी कार्य गर्न ईच्छा भएकाले तपसिल बमोजिमको प्रमाण कागज साथै राखी यो निवेदन गर्दछु । निवेदन माग बमोजिम मेलमिलापकर्ताको रुपमा सूचिकृत गरी पाउँ ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रतिलिपी

२. कक्षा आठ उर्तिण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी

३. ४८ घण्टे मेलमिलाप सम्बन्धि तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

४. व्यक्तिगत बिवरण

**निवेदक**

नामथर ........................................

हस्ताक्षर

फोन न.

साँफेबगर नगरपालिका

अनुसुची ११ (क)
*(दफा ६५ को उपदफा (१) सँग सम्बन्धित)*
न्यायिक समिति
साँफेबगर नगरपालिका, अछाम
**मेलमिलापका आदेश**

मिति: ..............................

श्री संयोजक ज्यु
........................मेलमिलाप केन्द्र
साँफेबगरनगरपालिका वडा नं. ..........(ठाउँको नाम)

**बिषय: मेलमिलापका लागि प्रेषण गरिएको बारे ।**

यस न्यायिक समितिमा मिति ...............मा.......दर्ता नं. कायम भएको ...............जिल्ला ..................नगरपालिका वडा नं. .......बस्ने .....................ले ................जिल्ला ..............नगरपालिका वडा नं. .......बस्ने ....................का बिरुद्धमा .......................................बिषयमा दिएको निवेदन उपर मेलमिलाप प्रक्रियाको सहजीकरणका लागि मिति.......................भित्र उक्त प्रक्रियाको सहजीकरण गर्न देहायका कागजातहरुको प्रतिलिपी सहित मेलमिलापका लागि प्रेषण गरिएको छ । साथै सो विबादको निर्धारित समयमा समाधान भए/नभएको व्यहोरा लेखि अन्तिम पटक मेलमिलापका लागि बसेको ३ दिन भित्र यस न्यायिक समितिमा पेश गर्नु होला ।

**संलग्न काजजातहरु**
१. पक्षले दिएको निवेदन प्रतिलिपी थान १
२. प्रारम्भीक सुनुवाइको छलफलमा भएको सहमति पत्रको प्रतिलिपी थान १

**प्रेषण गर्ने कर्मचारीको**
नाम:
पद
हस्ताक्षर
मिति:

बोधार्थ
साँफेबगरनगरपालिका, वडा नं. ....को कार्यालय, अछाम

अनुसुची ११ (ख)

*(दफा ६९ को उपदफा (१) सँग सम्बन्धित)*

.........मेलमिलाप केन्द्र

साँफेबगर नगरपालिका, अछाम

**साँफेबगर नगरपालिका न्यायिक समिति समक्ष पेश गरिएको मेलमिलाप नभएको उजुरीको संक्षिप्त प्रतिवेदन**

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| नामः ........................................<br>ठेगानाः ......................................<br>फोन न | नामः .......................................<br>ठेगानाः ......................................<br>फोन नं. |
| **मेलमिलाप शत्र बसेको मिति**<br>क) पहिलो सत्र बसेको .......................<br>ख) दोस्रो सत्र बसेको मिति...................... | मेलमिलाप शत्रमा संलग्न मेलमिलापकर्ता<br>१.............................................<br>२............................................<br>३........................................... |
| पहिलो पक्षको उजुरीको सारसंक्षेपः | |
| दोस्रो पक्षको प्रतिउत्तरको सारसंक्षेपः | |
| निरुपण गर्नु पर्ने सवालहरु<br>१<br>२<br>३ | |
| अन्यः | |

**संलग्न कागजातहरु**

१ मेलमिलाप सत्र बसेको उपस्थिति

२. मेलमिलापका लागि प्राप्त निवेदनको प्रतिलिपी

३. अन्य

...........................

संयोजक

साँफेबगर नगरपालिका

अनुसुची १२

*(दफा ७६को उपदफा (१) सँग सम्बन्धित)*

**साँफेबगर नगरपालिका, अछाम**

**न्यायिक समितिमा पेश गरेको भरिभराई निवेदन पत्र**

**बिषयः भरिभराई पाउँ भन्ने बारे ।**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

**बिषयः ......................................**

म निवेदक भरी भराइ गरिदिनका लागि निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा यस नगरपालिकाको न्यायिक समितिको मिति .........को निर्णय बमोजिम मैले यस कार्यालयमा मिति ................को न्यायिक समितिको फैसला बमोजिम मैले भरी भराई पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु ।

२. मैले यस कार्यालयमा आवश्यक तिर्नुपर्ने रकम तिरी सकेको र यस न्यायिक समितिको अन्तिम फैसला छायाकपी यसै साथ संलग्न छ ।

३. यसमा लेखिएको व्यहोरा ठिक साचो हो झुटा ठहरे सहुँला बुझाउला ।

निवेदक

.................

इति सम्बत् ................साल .........महिना .......गते रोज..... शुभम् ।

साँफेबगर नगरपालिका

अनुसुची १३

*(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)*

**साँफेबगर नगरपालिका**
**न्यायिक समिति समक्ष चलन चलाउनको लागि दिइएको**
**निवेदन पत्र**

**विषयः चलन चलाई पाउँ भन्ने बारे ।**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................(प्रथम पक्ष) निवेदक
बिरुद्ध
..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ............................(दोस्रो पक्ष) बिपक्षी

मुद्दाः .......................................

म निवेदक निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दा यस नगरपालिकाको न्यायिक समितिबाट मिति ........मा निर्णय भई उक्त जग्गा ( वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री अछाम जिल्ला अदालतमा बिपक्षीले पुनरावेदन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति .................मा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।
२. यसै निवेदनका साथ देहायका कागजातहरु समेत संलग्न गरेको छु ।
   क. न्यायिक समितिले मिति ............मा गरेको निर्णयको छायाँकपी
   ख. श्री अछाम जिल्ला अदालतले गरेको मिति ..........को सदर फैसलाको छायाँकपी
   ग. यस बिवाद सम्बद्ध मिसिल यसै कार्यालयमा रहेको छ ।
   घ. लेखिएको व्यहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
निज .....................

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम् ।

अनुसुची १४

*(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)*

**सम्पत्ति रोक्काको आदेश**
**निर्णयको ढाँचा**

न्यायिक समिति

साँफेबगर नगरपालिका, अछाम

संयोजक श्री ............................................................

सदस्य श्री ............................................................

सदस्य श्री ............................................................

**बिषयः सम्पत्ति हस्तान्तरण रोक्का आदेश ।**

सम्बत ...........सालको निवेदन नं. .....

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी भएको यसमा निवेदकको माग बमोजिम .......जिल्ला...................नगरपालिका वडा नं. ......क्षेत्रफल ......कि.नं. ....घरजग्गाको हस्तान्तरण नगर्नु/नगर्न दिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो सम्पत्ति रोक्काको आदेश जारी गरि दिएका छौं । यो आदेश मिसिलमा राखी सम्बन्धित कार्यालयमा पठाई दिनु । यो आदेश बमोजिम रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति सम्वत .................साल ................महिना ..............गते ............रोज ......शुभम् ।

अनुसुची १५

(दफा ९० को उपदफा (६) सँग सम्बन्धित)

**न्यायिक समिति,**

**साँफेबगर नगरपालिका, अछाम**

**नक्कलका लागि पेश गरेको निवेदन पत्र**

**बिषयः नक्कल पाउँ भन्ने बारे**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

**बिरुद्ध**

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

मुद्दाः ..................................................

म निवेदक नक्कल दस्तुर वापतको रु.........साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु।

१) उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका काजजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु। अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ।

क)......................................................

ख) ......................................................

ग) ......................................................

घ) ....................................................

ङ) ....................................................

२) लेखिएको व्यहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

निज ...................

इति सम्बत् .................साल .........महिना .......गते ....................रोज शुभम्।

साँफेबगर नगरपालिका

## २. सहकारीमा गरिएको संशोधन

| हालको व्यवस्था | संशोधन वा थप गरिएको | कारण |
|---|---|---|
| प्रस्तावनाः कानूनी आधार प्रष्ट नभएको | **थप गर्नु पर्नेः** नेपालको संविधानको धारा ५७ (४) तथा अनुसुची ८ (२) मा भएको व्यवस्था र धारा २२६ बमोजिम | कुन अधिकारको प्रयोग गरिएको हो त्यसको कानूनी आधार स्पष्ट खोल्नु पर्ने भएकाले । |
| दफा ५ | *थप गरिएको ५ (३) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ ।* | यो व्यवस्था थप गर्न आवश्यक भएकाले । |
| दफा ७ मा सुचिकरण र नविकरण सम्बन्धी व्यवस्था नभएको | ***७ क. सुचिकरण र नविकरण गर्नु पर्नेः*** *(१) यस नगरपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिए बमोजिम नगरपालिकामा सुचिकृत हुनु पर्नेछ ।* <br> *(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिए बमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।* | सुचिकरण र नविकरण सम्बन्धी व्यवस्था नभएमा पहिले नै दर्ता भएका संस्थालाई नियमन गर्न असहज हुने भएकाले । |

साँफेबगर नगरपालिका

| | | |
|---|---|---|
| दफा ९ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांशको यस उपदफासँग सन्दर्भ नै नमिलेको | *हटाउनु पर्ने* | यस दफासँग सन्दर्भ नमिलेकाले |
| दफाः ११ मा बचत तथा ऋण सहकारी सम्बन्धी व्यवस्था नभएको | *+(ङ) **बचत तथा ऋण सहकारीः** बचत तथा ऋणको मुख्य कारोबारो गर्ने संस्था ।* | सहकारीको बर्गिकरणमा बचत तथा ऋण सहकारी सम्बन्धी व्यवस्था आवश्यक भएकाले । |
| दफा १३ को उपदफा २ यस दफासँग सान्दर्भीक नभएको । | *थप गरिएको ५ (३) मा स्थानान्तरण गरी यसबाट हटाउनु पर्ने ।* | यस दफासँग सान्दर्भिक नभएकले स्थानान्तरण गरिएकोले |
| दफा ६९ मा सजाय सम्बन्धि व्यवस्था गरिएको | ***थप गर्न पर्नेः** प्रचलित संघीय कानून* | स्थानीय सरकारलाई कैद सजाय सम्मको अधिकार नभएकोले यस ऐनमा सो कुरा राख्न आवश्यक नहुने । |
| दफा ६९ मा सजाय सम्बन्धि व्यवस्था गरिएको | ***जरिवाना सम्बन्धी सबै व्यवस्था हटाउनु पर्ने*** | |
| दफा ९८ मा सहकारी संघ र प्रवर्द्धन समितिको व्यवस्था नएको | *९८ क. <u>नगर सहकारी संघको गठनः</u> (१) सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरणका ललायतका कार्य गर्न यस ऐन बमोजिम दर्ता वा सुचिकृत भई कार्यरत भएका कम्तीमा १५ वटा संस्थाहरुले आपसमा मिलि आफ्नो* | सहकारी संघ र प्रवर्द्धन समितिको व्यवस्था सहकारी विकासका लागि आवश्यक हुने भएकाले । |

| | | |
|---|---|---|
| | *सहकारी संघ गठन गर्न सक्नेछन् ।*<br>*(२) नगर सहकारी संघको काम कर्तव्य, अधिकार र संचालन तथा व्यवस्थापन कार्यबिधि तोकिए बमोजिम हुनेछ ।*<br>*१८. ख. <u>नगर सहकारी प्रवद्धन वोर्ड गठनः</u> (१) नगरपालिकाले नगरभित्रका सहकारीहरुको संस्थागत सुशासन तथा विकास अवस्था, सहकारी खेती तथा व्यवसायमुलक एवं रोजगारमुलक योजनाको सम्भाव्यता अध्ययन सहित समग्र विकासका लागि योजना निर्माण, उत्कृष्ट सहकारीहरुलाई प्रोत्साहन लगायत कार्यमा सुझाव, परामर्श, सहजीकरण, अनुगमन, सहयोग लगायतका विषयमा रेखदेख गर्न नगरपालिकाले नगर* | |

| | | |
|---|---|---|
| | *सहकारी प्रवर्द्धन वोर्ड गठन गर्न सक्नेछ ।*<br><br>*(२) उपदफा (१) बमोजिम वोर्डको गठन तथा काम कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।* | |

साँफेबगर नगरपालिका

## ३ शिक्षा ऐनमा गरिएको संशोधन

| हालको व्यवस्था | संशोधन वा थप गरिएको | कारण |
|---|---|---|
| प्रस्तावनाः कानूनी आधार प्रष्ट नभएको | नेपालको संविधानको धारा ५७ (४) तथा अनुसुची ८ (८) मा भएको व्यवस्था र धारा २२६ बमोजिम | कुन अधिकारको प्रयोग गरिएको हो त्यसको कानूनी आधार स्पष्ट खोल्नु पर्ने भएकाले । |
| दफा २ परिभाषा खण्डमा अनुक्रम नमिलेको | परिभाषित शब्दको अनुक्रम मिलाइएको | ऐनमा शब्दको अनुक्रम मिलाउनु पर्ने भएकाले । |
| दफा १३ मा स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्ने व्यवस्था गरिएको । | हटाउनु पर्ने | स्थानीय स्तरमा यस्तो केन्द्र सधैं आवश्यक नहुने । यसका लागि अल्पकालिन कार्यगत समिति मार्फत नै काम गर्न सकिने भएकाले यो आवश्यक नहुने भएकाले । |
| दफा २४ मा कोष संचालक समितिको ब्यवस्था रहेको । | हटाउनु पर्ने | कोष संचालन गाउँ शिक्षा समितिबाट नै गर्न सकिने भएकाले छुट्टै संचालक समिति आवश्यक नहुने । कतिपय कोषसँग सम्बन्धित कुरा कार्यपालिकाले पनि गर्न सक्छ । |
| दफा ५२ को उपदफा २, ३ र ४ मा उपदफा १ को भावनासँग नै सम्बन्धित रहेको । | हटाउनु पर्ने | उपदफा १ ले नै सबै बिषयलाई समेटि सकेकोले । |

## ४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ मा भएका संशोधन

| हालको व्यवस्था | संशोधन वा थप गरिएको | कारण |
|---|---|---|
| प्रस्तावनाः कानूनी आधार प्रष्ट नभएको | *धारा ५७ (४) तथा अनुसुची ८ (२०) मा भएको व्यवस्था र धारा २२६ बमोजिम* | कुन अधिकारको प्रयोग गरिएको हो त्यसको कानूनी आधार स्पष्ट खोल्नु पर्ने भएकाले । |
| दफा २ परिभाषा खण्ड घ मा प्रदेश नं ७ उल्लेख भएका | *संशोधनः सुदूरपश्चिम* | प्रदेशको नामाकरण भई सकेकोले |
| दफा ३ को उपदफा २ को खण्ड झ मा इलाका भन्ने शब्द प्रयोग भएको । | *संशोधनः साँफेबगर नगरपालिका स्थित* | ईलाका प्रहरी कार्यालयको अवधारणा हटिसकेकोले |
| दफा ३ यस दफाको बिभिन्न ठाउँमा महाशाखा उल्लेख भएको । | *हटाउनेः* | नगरपालिकामा शाखा मात्र रहने भएकाले महाशाखा शब्द हटाईएको । |
| १२. **विपद् व्यवस्थापन कोषः** **उपदफा १ मा आकस्मिक कोष शब्द आएको** | *संशोधनः विपद व्यवस्थापन कोष* | शीर्षकमा विपद् व्यवस्थापन र भीत्र आकस्मीक कोष भएकाले । |

आज्ञाले

लक्ष्मी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका